दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ६७ | बुटवल | २०८२ फागुन १८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday March 02, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## कांग्रेस (बीपी) नेपाली कांग्रेसमा समाहित

बुटवल । नेपाली कांग्रेस (बीपी) पार्टी औपचारिक रूपमा नेपाली कांग्रेसमा समाहित भएको छ। आइतबार काठमाडौंमा आयोजना गरिएको चुनावी सभामा दुई पार्टीका बिचमा सहमति गरी नेपाली कांग्रेसमा नेपाली कांग्रेस बीपी समाहित भएको घोषणा गरिएको हो ।

कांग्रेसका सभापति गगनकुमार थापा र नेपाली कांग्रेस (बीपी)का सभापति सुशीलमान शेरचनले हस्ताक्षर गरेको सहमतिपत्रमा नेपाली कांग्रेस (बीपी) को सम्पूर्ण पार्टी संरचना, सदस्यता तथा संगठनिक निकाय मूल पार्टी नेपाली कांग्रेसमा एकीकृत हुने घोषणा गरेको छ।

परिवर्तन, लोकतन्त्र, राष्ट्रिय एकता तथा जनअधिकारको संरक्षण र सुदृढीकरणका लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै जारी वक्तव्यमा आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै उक्त निर्णय गरिएको जनाइएको छ।

» *बाँकी ३ पेजमा*

## समर्थनको विषयमा राप्रपाभित्र विवाद

बुटवल। रूपन्देही क्षेत्र नम्बर २ मा समर्थन गर्ने विषयमा राप्रपाभित्रको विवाद बाहिर आएको छ । आफ्नो उम्मेदवार नभएको राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाको क्षेत्रीय समितिले रूपन्देही-२ मा नेपाली कांग्रेसका उम्मेदवार चुन्नप्रसाद पौडेललाई समर्थन गर्ने निर्णय सार्वजनिक गरेलगत्तै जिल्ला अध्यक्ष सागरप्रताप राणाले आपत्ति जनाएका छन् ।

राप्रपा रूपन्देही-२ ले कांग्रेससँग आफ्नो पार्टीको सिद्धान्त र विचार फरक भए पनि आर्थिक, सामाजिक र समृद्धिको मुद्दा मिलेकाले मतदान गर्ने निर्णय भएको अध्यक्ष रामबहादुर थापाले विज्ञप्ति नै सार्वजनिक गरेका छन्, तर जिल्ला अध्यक्षले भैरहवामा पत्रकारहरूसँग कुनै व्यक्ति विशेषले गरेको निर्णय पार्टीको आधिकारिक नहुने प्रष्ट पारेका छन् ।

रूपन्देही २ मा राप्रपाबाट कार्भिका थापाले उम्मेदवारी दर्ता गरे पनि अन्तिम समयमा उनले अमेरिकाको पीआर त्यागेको तीन महिना नपुगेकाले उम्मेदवारी कायम नहुने भएपछि आफैं फिर्ता लिएकी थिइन् । राप्रपा जिल्ला अध्यक्ष सागरप्रताप राणाले सार्वजनिक विज्ञप्ति कुनै आधिकारिक नभएको जनाएका छन् ।

'कुनै व्यक्तिले केही निर्णय गर्ने विषय पार्टीको निर्णय होइन, आफूहरूलाई क्षेत्रीय अध्यक्षको नामबाट जारी भएको विज्ञप्ति मान्य छैन ।'- उनले भने ।

राप्रपाका नगर तथा अन्य कमिटीमा रहेका नेताहरूले यसअघि विवेकपूर्ण तरिकाले मत दिने र कुनै औपचारिक निर्णय नगर्ने बताएका थिए । राप्रपाको एक समूह एमालेका उम्मेदवार विष्णु पौडेललाई मत दिने तर भेटेर कुनै बार्गेनिङ नगर्ने बताएको थियो ।

### रूपन्देही २ :

# विकासप्रेमी उम्मेदवारलाई भोट दिन्छौं : मतदाता

**लुम्बिनी संवाददाता**
*बुटवल*



रूपन्देही २ का मतदाताले क्षेत्रसँगै समग्र रूपन्देहीको पूर्वाधार विकास, शिक्षा र स्वास्थ्यका क्षेत्रमा निरन्तर काम गरेका भरोसायोग्य उम्मेदवारलाई रोज्ने प्रतिक्रिया दिएका छन् ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुने व्यक्ति राजकीय भूमिकामा रहेर अनुभव बटुलेको, सरकारमा जाने अवस्थामा मन्त्री मात्र नभई प्रधानमन्त्रीसम्म बन्न सक्ने सम्भावना र क्षमता बोकेको, अन्तर्राष्ट्रिय दातृ निकायसँग राम्रो सम्बन्ध भएको, अन्तर्राष्ट्रिय सम्बन्ध र कुटनीतिमा अनुभवी उम्मेदवारलाई नै रोज्नुपर्ने रूपन्देही २ का धेरै मतदाताको धारणा रहेको छ।

रूपन्देहीको विकासमा गरेको योगदानलाई सम्झेर त्यसको गुन तिर्नुपर्ने र सामाजिक सञ्जालको भ्रममा परेर बहकिन नहुने बुटवल-११ का मतदाता टेकबहादुर गुरूङ भोटेले बताए।

'उम्मेदवारको उमेर र गफभन्दा पनि उसले नयाँ भिजन, नयाँ योजना ल्याएर रूपन्देहीको पूर्वाधार विकासमा नमूना कामहरू गरेर सफल सांसद र मन्त्रीको पुष्टी गरेको उम्मेदवारलाई अन्याय गर्न हुन्न,' गुरूङले भने-'रूपन्देही २ को हकमा विष्णु पौडेललाई जिताउनुको विकल्प छैन।'

बुटवल उप-महानगरपालिका-११ मा नेकपा (एमाले) ले घरदैलो अभियानका क्रममा सयौं मतदाताले भविष्यमा रूपन्देही २ ले प्रधानमन्त्री पाउन सक्ने सम्भावना रहेकाले विष्णु पौडेललाई रोज्ने भन्दै आशिर्वाद दिएको एमाले निर्वाचन परिचालन कमिटी सहसंयोजक राजु गुरूङले बताए। 'घरदैलोमा पुग्दा विष्णु पौडेलप्रति मतदाताको निकै ठूलो आशा र भरोसा भएको पाइयो।'-गुरूङले भने।

एमालेलेले बुद्धनगर, पवित्रनगर, हात्तीसुँडलगायतका क्षेत्रमा स्थानीय मतदाताको उल्लेख्य उपस्थितिसहित एमाले उपाध्यक्ष एवं रूपन्देही क्षेत्र नम्बर २ का उम्मेदवार विष्णु पौडेलको नेतृत्वमा घरदैलो कार्यक्रम सम्पन्न भएको हो।

**रास्वपाका १३ सय ५० जना एमाले प्रवेश**

अभियानका क्रममा १ हजार ३ सय ५० जनाले राष्ट्रिय स्वतन्त्र पार्टी परित्याग गर्दै एमालेमा प्रवेश गरेका छन् । नवप्रवेशीहरूलाई स्वागत गर्दै पौडेलले रूपन्देही-२ को विकास, पूर्वाधार विस्तार र दीर्घकालीन योजना कार्यान्वयनमा निरन्तरता आवश्यक रहेको बताए। "यो क्षेत्रको विकासका लागि सुरु गरिएका आयोजना अधुरा नछाड्ने प्रतिबद्धता लिएको छु," उनले भने-"स्थिर नेतृत्व र स्पष्ट दृष्टिकोणले मात्र समृद्धि सम्भव हुन्छ, यस क्षेत्रको भूमिहीन, अव्यवस्थित बसोवासी र सुकुम्बासीको समस्या एमालेले मात्रै हल गर्छ।"

स्थानीय मतदाता कमला खत्रीले विगतका वर्षमा सडक विस्तार, खानेपानी तथा पूर्वाधार निर्माणमा देखिएको प्रगतिलाई निरन्तरता दिनुपर्ने बताइन्। "काम गर्ने नेतृत्व चाहिएको हो, भाषणभन्दा पनि परिणाम देखिनुपर्छ।"- उनले भनिन्। अर्का मतदाता राजेश पुनले रोजगारी सिर्जना र युवामुखी कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने धारणा राख्दै आफूहरूले विकासलाई केन्द्रमा राखेर निर्णय गरेको बताए।

एमालेले रूपन्देही क्षेत्र नम्बर २ अन्तर्गतका २३ वटै वडामा प्रदर्शन र ऱ्यालीसमेत आयोजना गरेको जनाएको छ। पार्टीका स्थानीय नेताहरूका अनुसार घरदैलो अभियानमार्फत् मतदातासँग प्रत्यक्ष संवाद, सुझाव सङ्कलन र आगामी कार्ययोजनाबारे जानकारी गराइएको छ।

पौडेलले घरदैलोका क्रममा निर्वाचनलाई विकासको निरन्तरता र स्थायित्वसँग जोडेर हेर्नुपर्ने बताए । "रूपन्देहीलाई औद्योगिक, शैक्षिक र पूर्वाधारका दृष्टिले नमुना क्षेत्र बनाउने लक्ष्यका साथ अघि बढिरहेका छौं।"- उनले भने।

एमालेले घरदैलोका क्रममा व्यापक जनसमर्थन प्राप्त भएको दाबी गर्दै जित निश्चित भएको जनाएको छ।

**सरकार परिवर्तनसँगै रोकिएको लालपुर्जा सपना**

रूपन्देहीमा सुकुम्बासी, भूमिहीन दलित र ऐलानी जग्गामा बसोबास गर्दै आएका हजारौं परिवारको लालपुर्जा सपना एकपटक रोकिए पनि अब पुनः जागेको छ।

» *बाँकी २ पेजमा*

सुशासन र समुन्नतिको VISION
समुन्नत रूपन्देहीका लागि
मेरो प्रतिबद्धता
बदल्यौं कांग्रेस बदल्छौं देश

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा रूपन्देही निर्वाचन क्षेत्र नं. २ मा नेपाली कांग्रेसका उम्मेदवार समाजसेवी तथा उद्यमी चुन्न प्रसाद शर्मा पौडेललाई रूख चिन्हमा मतदान गरी विजयी गराउनुहुन हार्दिक अनुरोध गर्दछौं।

- माध्यमिक तहसम्म निःशुल्क एवं गुणस्तरीय शिक्षाको पूर्ण सुनिश्चितता,
- ७० वर्ष पुगेका ज्येष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य परीक्षण एवं उपचार,
- स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी विस्तार एवं सेवामा सहज पहुँच,
- अव्यवस्थित एवं भूमिहीन नागरिकहरूलाई जग्गाको स्वामित्व एवं लालपुर्जा वितरण,
- झुम्सा एवं हिलपार्क आयोजनामार्फत शुद्ध पिउने पानीको दिगो व्यवस्थापन,
- युवाहरूलाई आधुनिक प्रविधिमा दक्ष तुल्याई रोजगारयुक्त एवं आत्मनिर्भर बनाउने,
- मोतिपुर औद्योगिक क्षेत्रको शीघ्र सञ्चालन एवं औद्योगिक पूर्वाधारको वृहत्तर विकास,
- कृषि अनुदान, सुलभ ऋण एवं कृषि उपज संकलन केन्द्रको समुचित व्यवस्था,
- तिनाउ एवं दानव नदी किनार व्यवस्थापन गरी व्यवस्थित कोरिडोर निर्माण,
- ज्योतिनगर पहिरो नियन्त्रण एवं चुरे क्षेत्र संरक्षणको दीर्घकालीन समाधान।



चुन्न प्रसाद शर्मा पौडेल
प्रतिनिधि सभा सदस्य
उम्मेदवार, रूपन्देही-२

WWW.CHUNNAPOUDEL.COM
अनुरोधकः नेपाली कांग्रेस, निर्वाचन प्रचारप्रसार समिति, रूपन्देही २

## सम्पादकीय

# सामाजिक सद्भावको पर्व

चाडपर्व नेपाली समाजका एकता प्रतिक हुन् । जातीय, भौगोलिक र सांस्कृतिक विविधताले रंगिएको समाजलाई जोड्न पर्वहरूले विशिष्ट भूमिका खेलेका छन् । रंगहरुको पर्व होली पर्वले पनि नेपाली समाजलाई एकताको मालामा उनेको छ ।

होली पर्व त कतै फागु पूर्णिमा । विविधतायुक्त मुलुकमा फरक-फरक ढंगले मनाइने यो पर्व रंगहरूको पर्व हो । पहाडी र हिमाली क्षेत्रमा आज र तराई-मधेसमा भोली मनाइने यो पर्वले समाजमा सद्भाव, एकता र भाइचारा बढाउन महत्वपूर्ण छ ।

चाडपर्व र संस्कृति समुदाय र क्षेत्र विशेषका धेरै हुने मानिए पनि होली पर्व समुदाय र क्षेत्र विशेषको मात्रै नभएर आम नेपालीको साझा पर्व हो । समाजमा विभाजनको प्रयास भइरहँदा एकता, मेलमिलाप र सहकार्यमा बाँध्ने काम चाडपर्वले गर्छन्, फागुपूर्णिमा अर्थात् होली पर्वले सामुदायिक र भौगोलिक एकतालाई जोडेको छ । समाजमा चुलिँदो अविश्वासलाई चिर्दै विश्वास जगाउने काम गर्न सक्दा सांस्कृतिक पर्वको सान्दर्भिकता रहन्छ ।

सांस्कृतिक पर्व मनाउने शैली, तरिकाले त्यसको महत्वलाई दिशानिर्देश गर्छ । पर्वका मौलिकताले सधैं जीवन्त बनाउँछ, पर्वलाई । फागुपूर्णिमा पर्व रंगहरुको पर्व भएकाले एक आपसमा रंग लगाएर शुभकामना दिने प्रचलन छ । तर पछिल्ला वर्षमा रंगहरुको पर्वमा मौलिकता मासिएको छ । रंगको साटो फोहर पानीले छ्याप्ने, कुहिएका अण्डा टाउकोमा फुटाइदिने र जबर्जस्ती रंग लगाइदिने प्रवृत्तिले समाजमा नकारात्मक प्रभाव परेको छ । उन्माद र उत्तेजना बढेको छ । तीव्र गतिमा यातायातका साधन गुडाउँदा जोखिम बढेको छ ।

नेपाली समाजका पर्व मौलिक छन् । हामीले मनाउने दसैं र तिहार अरुले भिन्दै ढंगले मनाउँछन् । फागुपूर्णिमा पनि ठाउँअनुसार फरक-फरक छ, जीवन्त छ । भारतसँगको निकटताले त्यहाँ हुने गतिविधि छिट्टै नेपाली समाजमा प्रवेश भइरहेका छन् । समाज र पर्वको मौलिकता नासिने गरी हुने क्रियाकलापलाई निस्तेज गर्दै अघि बढ्न आवश्यक छ ।

यसपल्ट चुनावको मुखैमा यो पर्व परेको छ । चुनावको सन्निकट परेकाले निर्वाचन आचारसंहिताले खुलेर मनाउन नपाउने अवस्था छ । तर पनि सीमाभित्र रहेर होली पर्वलाई भव्य मनाऔं । समाजमा बढिरहेको निराशाको खेती बन्द गरेर आशाको सञ्चार गर्न यो पर्वले प्रेरणा दिन सकोस् । होली पर्व अर्थात् फागुपूर्णिमालाई मर्यादित ढंगले मनाएर नेपाली समाजको मौलिकता जोगाउन सबैले पहल गरौं । सद्भावको पर्वले समाजमा सद्भाव छर्न सक्नुपर्छ । उत्तेजना र आक्रोश बढेर प्रहरी परिचालन गर्नुपर्ने विडम्बनापूर्ण स्थितिको अन्त्य हुनुपर्छ । होली पर्वमा आइरहेका यस्ता विकृतिलाई न्यूनीकरण गर्दै मर्यादित बनाउन सक्दा नै यो पर्व नेपाली समाजमा जीवन्त रहन्छ । रंगहरूको पर्व होलीको अवसरमा सबैमा हार्दिक शुभकामना !

# रेमिट्यान्सले चलाएको अर्थतन्त्र र चुनौतीको चक्र



ईन्द्रप्रसाद भुसाल

वैदेशिक रोजगार र रेमिट्यान्स विद्यमान नेपालको अर्थतन्त्रको मेरुदण्डजस्तै बनेका छन् । रोजगारीका सीमित अवसर, न्यून औद्योगिक विकास, कृषि क्षेत्रमा घट्दो आकर्षण, राजनीतिक अस्थिरता, भ्रष्टाचारले लिप्त अर्थतन्त्र, असन्तुलित आर्थिक तथा सामाजिक विकास र उच्च आम्दानीको खोजीले लाखौं नेपालीलाई देशबाहिर श्रम बेच्न बाध्य बनाएको यथार्थ जगजाहेर छ । नेपाली जनताले विदेशीभूमिमा गरेको श्रमको प्रतिफलस्वरूप देशभित्र भित्रिने रेमिट्यान्सले गरिबी घटाउनेदेखि विदेशी मुद्रा सञ्चितिमा योगदान पुर्‍याउनेसम्मका महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । वैदेशिक रोजगारका सकारात्मक पक्षसँगै गहिरा सामाजिक, नैतिक र पारिवारिक समस्याहरू पनि मौलाउँदै गएका छन्, । वैदेशिक रोजगारले निम्ताएका विविध समस्याहरूलाई नजरअन्दाज गरेर दिगो विकासको कल्पना गर्न सकिँदैन ।

वैदेशिक रोजगार भन्नाले नागरिकहरू आफ्नो जन्मभूमि छाडेर रोजगारीका लागि अन्य देशमा जानु हो । नेपालमा वैदेशिक रोजगारको इतिहास लामो छ । उन्नाइसौं शताब्दीको प्रारम्भमै नेपाली युवाहरू रोजगारीका लागि देशबाहिर जान थालेका थिए । विशेष गरी सुगौली सन्धिपछि लाहोर र ब्रिटिस भारत नेपाली युवाका मुख्य गन्तव्य थिए । त्यतिबेला विदेशी रोजगारीको प्रमुख स्वरूप सैनिक सेवा थियो । यसले नेपाली युवालाई नियमित आम्दानीको बाटो खोल्यो र वैदेशिक श्रमको संस्कार जन्मायो ।

१९५० को दशकदेखि १९८५ सम्म भारत नै नेपाली श्रमिकहरूको प्रमुख गन्तव्य थियो । खुला सिमाना, ऐतिहासिक सम्बन्ध र सन् १९५० को सन्धिले भारतीय बजारमा नेपाली श्रमिकको पहुँच सहज बनायो । कृषि, सुरक्षा सेवा र अनौपचारिक क्षेत्रमा ठुलो सङ्ख्यामा नेपाली कामदार संलग्न भए । यस अवधिमा वैदेशिक रोजगारीलाई संस्थागत रूपमा होइन, बाध्यात्मक जीवनयापनको साधनका रूपमा हेरिन्थ्यो ।

१९९० पछिको कालखण्डमा भने नेपाली वैदेशिक रोजगारले नयाँ रूप लिँदै विकसित भयो । राजनीतिक परिवर्तन, आर्थिक उदारीकरण, ग्रामीण गरिबी, माओवादी द्वन्द्व र आन्तरिक राजनीतिक अस्थिरताले युवाहरूलाई ठुलो सङ्ख्यामा देशबाहिर जानु पर्ने बाध्यात्मक अवस्था सिर्जना गर्‍यो । देशमा शिक्षाको कमीको कारणले गर्दा अधिकांश युवाहरू खाडी मुलुकहरू तथा मलेसियातर्फ आकर्षित हुँदा नेपाली श्रमिकका मुख्य गन्तव्य बने । निर्माण, सुरक्षा, घरेलु काम र सेवा क्षेत्रमा लाखौं नेपाली विदेशीन बाध्य भए । उच्च तलबको आशा र देशभित्रको रोजगारीको अभाव, गरिबी, आर्थिक तथा सामाजिक असामनताको कारणले विशेषगरी ग्रामीण क्षेत्रका अदक्ष श्रमिकहरू कामको खोजीमा विदेशी भूमिमा आफ्नो श्रम र पसिना बेच्न बाध्य भए । हाल आएर उच्च शिक्षा अध्ययनको उद्देश्य लिएर पनि नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट वैदेशिक, अध्ययन अनुमति No Objection Certificate लिएर ठुलो सङ्ख्यामा विद्यार्थीहरू विदेसिएको तथ्याङ्क छ । सन् २०२०/०२१ मा २७९०० विद्यार्थीहरूले वैदेशिक अध्ययन अनुमति लिएका थिए भने २०२१/२२ मा यो सङ्ख्या २९५.०४ ५ ले बढेर ११०२१७ पुगेको छ । त्यसै गरी यो सङ्ख्या २.१५५ले बढेर २०२३/०२४ मा ११२५९३ पुगेको छ । यसरी उच्च शिक्षाको बाहानामा ठुलो सङ्ख्यामा विद्यार्थीहरू बाहिरिनुले पनि सक्षम, नव प्रवर्तनशील युवा शक्ति विदेशमै बसोबास गर्न सक्ने सम्भावनाले देशभित्र नेतृत्व, अनुसन्धान नीति निर्माणमा दक्ष जनशक्तिको अभाव हुन सक्ने खतरा बढ्दै गएको छ । एकातिर वैदेशिक अध्ययनमा ठुलो धनराशि बाहिरिने (Capital outflow) सम्भावना छ भने वैदेशिक जगत्मा हुर्केको मानव पुँजी देशले प्रयोग गर्न नपाउनु आर्थिक तथा सामाजिक विकास माथिको ठुलो चुनौती हो । सन् २०२२ को UNESCO को तथ्याङ्क अनुसार उच्च शिक्षाको लागि क्रमशः ४२५ अस्ट्रेलिया, २०५ जापान, १४५ भारत, १३५ अमेरिका र बाँकी ११५ अन्य मुलुकमा गएको तथ्य छ ।

वैदेशिक रोजगार असुरक्षित र अनिश्चित हुँदाहुदै पनि हालको दशकमा यसको स्वरूप अझ फराकिलो बनेको छ । खाडी मुलुकहरूसँगै मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स जस्ता देशहरू नेपाली श्रमिकका परम्परागत गन्तव्य हुन् । पछिल्ला वर्षहरूमा दक्षिण कोरिया, जापान तथा युरोपेली मुलुकहरू पनि आकर्षक गन्तव्यका रूपमा देखा परेका छन् । अहिले आएर सिपयुक्त र अर्ध-सीपयुक्त श्रमिकको माग अझ बढ्दै गएको छ । यसले वैदेशिक रोजगारलाई केवल श्रम बेच्ने माध्यम होइन, सीप र अनुभव आर्जन गर्ने अवसरका रूपमा पनि प्रस्तुत गरेको छ ।वैदेशिक रोजगार सम्बन्धी उपलब्ध तथ्याङ्क हेर्ने हो भने नेपालमा वैदेशिक रोजगारीको विस्तार कति तीव्र गतिमा भएको छ भन्ने स्पष्ट देखाउँछ । आर्थिक वर्ष १९९३/९४ मा मात्र ३६०५ जना नेपाली श्रमिक वैदेशिक रोजगारीको रूपमा विदेश गएका थिए भने यो सङ्ख्या २०००/१ मा १४ गुणाले बढेर ५५०२५ पुगेको थियो । त्यसैगरी २०१०/११ मा लगभग ५ गुणाले बढेको वैदेशिक रोजगार सन् २०१५/१६ मा १८ ५ ले वृद्धि भएको देखिन्छ । हाल २०२३/२४ मा पुग्दा ७,४१,२९७ जना व्यक्ति वैदेशिक रोजगारकालागि श्रम स्वीकृति लिइ सकेको तथ्याङ्क छ भने २०२३/२४ को तथ्याङ्कअनुसार छिमेकी राष्ट्र भारत बाहेक लगभग ६२ लाख श्रमिक विदेशी भूमिमा पुगिसकेको अवस्था छ । १९९० को दशकदेखि २०१३/१४ सम्म श्रमिक सङ्ख्या निरन्तर बढ्नुको प्रमुख कारण आन्तरिक द्वन्द्व, राजनीतिक अस्थिरता र विश्वव्यापीकरण हुन् ।

तर, २०१९/२० पछिका वर्षहरूमा यो प्रवाहमा केही गिरावट देखियो । विशेष गरी कोभिड-१९ महामारीले अन्तर्राष्ट्रिय श्रम बजार ठप्प बनायो । सीमाना बन्द, उडान रोक, श्रम स्वीकृति प्रक्रियामा अवरोध र गन्तव्य देशहरूको नीतिगत परिवर्तनले गर्दा २०२०/२१ मा श्रमिक सङ्ख्या घटेर प्रत्येक दिन दुई हजारको सङ्ख्यामा विदेसिने नेपाली श्रमिक दुई तिन सयको सङ्ख्यामा सीमित हुन पुग्यो । महामारीपछि क्रमशः सुधार भए पनि पछिल्ला वर्षहरूमा श्रम स्वीकृतिमा उतारचढाव देखिएको छ । यसका पछाडि गन्तव्य देशमा सन्तुलित बजार, नयाँ आप्रवासन नीति र विद्यार्थी भिसामार्फत् जाने प्रवृत्ति प्रमुख कारणका रूपमा देखिन्छन् ।

वैदेशिक रोजगारीसँग जोडिएको अर्को महत्त्वपूर्ण पाटो रेमिट्यान्स हो । रेमिट्यान्स भन्नाले विदेशमा कार्यरत श्रमिकले आफ्नो परिवार वा देशमा पठाउने रकमलाई जनाउँछ । नेपालमा रेमिट्यान्स केवल पारिवारिक आयको स्रोत होइन, समग्र अर्थतन्त्रलाई चलायमान बनाउने शक्ति बनेको छ । आर्थिक वर्ष २०००/०१ मा ४,७२२ करोड रुपैयाँ रहेको रेमिट्यान्स २०२३/२४ मा आइपुग्दा १,४४,५३२ करोड रूपैयाँ नाघेको छ । यो करिब ३० गुणाभन्दा बढीको वृद्धि हो ।

रेमिट्यान्सको जिडिपिमा योगदान २०२०/२१ मा २२५ थियो भने २०२३/२४ मा २६.९ ५ र २०२४/२५ मा २५.८५ को बीचमा रहनु नेपाललाई विश्वकै उच्च रेमिट्यान्स निर्भर मुलुकमध्ये एक हो भन्न सकिन्छ तर छिमेकि राष्ट्र भारतमा २०२३/२४ मा रेमिट्यान्सको योगदान कुल जिडिपिमा जम्मा ३.४५ थियो भने चिनमा सोही समयमा कुल ग्रायस्थ्य उत्पादनको जम्मा ०.२८% मात्र रेमिट्यान्सको योगदान रहेको छ । हाल नेपालमा दैनिक औसत रूपमा एक नेपाली श्रमिकले करिब १३.६ ५ अमेरिकी डलर बराबरको रकम स्वदेश पठाइरहेको तथ्य छ । यसले विदेशी मुद्रा सञ्चिति बढाउन, आयात भुक्तानी सन्तुलनमा राख्न र अर्थतन्त्रलाई स्थिरता दिन ठुलो योगदान पुर्‍याएको छ ।

रेमिट्यान्सले ग्रामीण गरिबी घटाउन प्रत्यक्ष भूमिका खेलेको छ । धेरै परिवारको खाद्य सुरक्षा, आवास, शिक्षा र स्वास्थ्य खर्च रेमिट्यान्सको आम्दानीबाट धानिएको छ । गाउँ-गाउँमा पक्की घर, निजी विद्यालयमा पढ्ने बालबालिका र निजी अस्पतालमा उपचार सम्भव हुनु रेमिट्यान्सकै देन हो । यसले जीवनस्तर उकास्ने मात्र होइन, सामाजिक आकाङ्क्षा पनि परिवर्तन गरेको छ । रेमिट्यान्सले साना व्यवसाय र उद्यमशीलता प्रवर्द्धनमा पनि योगदान दिएको छ । वैदेशिक रोजगारीबाट फर्किएका धेरै युवाले पसल, कृषि फार्म, यातायात सेवा र साना उद्योग सुरु गरेका पनि छन् । यद्यपि यसको अनुपात अपेक्षाकृत कम भएता पनि सम्भावना ठुलो छ । सीप र पुँजीको सही संयोजन गर्न सके रेमिट्यान्स दिगो आर्थिक विकासको आधार बन्न सक्छ ।

वैदेशिक रोजगार र रेमिट्यान्सले नेपाली समाजमा गहिरा सामाजिक र नैतिक चुनौती पनि सिर्जना गरेका छन् । सबैभन्दा गम्भीर समस्या श्रम अभाव हो । युवा शक्ति विदेसिएपछि कृषि र निर्माणजस्ता क्षेत्र प्रभावित भएका छन् । अधिकांश पहाडि र आंशिकरूपमा तराईका खेतियोग्य जमिन बाँझिन थालेका छन्, स्थानीय उत्पादन र उत्पादकत्व घट्दै गएको छ र देश आयातमा निर्भर बन्दै गएकोले भुक्तान सन्तुलन पनि दिन प्रतिदिन नकारात्मक बन्दै गएको छ । वैदेशिक रोजगारको अर्को गम्भीर समस्या 'ब्रेन ड्रेन' हो । दक्ष जनशक्ति डाक्टर, इन्जिनियर, प्राविधिक र अनुसन्धानकर्ता जस्ता बौद्धिक शक्ति विदेश पलायन हुँदा देशको दीर्घकालीन विकास क्षमता कमजोर बन्दै गएको छ । राज्यले लगानी गरेर उत्पादन गरेको मानव पुँजी विदेशमा प्रयोग हुनु आत्मनिर्भर अर्थतन्त्रका लागि ठुलो चुनैतीको विषय हो । रेमिट्यान्समा अत्यधिक निर्भरता पनि जोखिमपूर्ण हुन्छ । धेरै परिवारले देशभित्र उत्पादनमूलक काम गर्नुको सट्टा विदेशबाट आउने पैसामै भर पर्न थालेका छन् । यसले श्रम संस्कार कमजोर बनाउने, स्थानीय रोजगारी खोज्ने प्रवृत्ति घटाउने र अर्थतन्त्रलाई हरेक कुरामा परनिर्भर बन्ने खतरा बढाएको छ ।

सामाजिक तथा नैतिक दृष्टिले हेर्दा पनि वैदेशिक रोजगारीले पारिवारिक संरचनामा गहिरो असर पारेको छ । वर्षौंसम्म पति-पत्नी अलग बस्नुपर्दा वैवाहिक सम्बन्ध कमजोर भएका छन् । भावनात्मक दूरी, अविश्वास र वैवाहिक विचलन तथा पारपाचुके जस्ता घटना बढेका छन् । कतिपय अवस्थामा परिवार विघटनसम्म पुगेका उदाहरणहरू पनि छन् । वैदेशिक रोजगारीको प्रभाव बालबालिकामा अझ चिन्ताजनक छ । अभिभावकको अनुपस्थितिमा हुर्किएका धेरै बालबालिका भावनात्मक रूपमा असुरक्षित छन् । पढाइमा ध्यान नलाग्ने, अनुशासनहीनता बढ्ने र नसालु पदार्थतर्फ आकर्षण बढ्ने तथा समर्थ्य विहीन आडम्बर जस्ता समस्या देखिएका छन् । पारिवारिक मार्गदर्शनको अभावले नयाँ पुस्ताको नैतिक विकासमा समेत प्रश्न खडा गरेको छ ।

महिला सशक्तीकरणको दृष्टिले वैदेशिक रोजगारले मिश्रित प्रभाव पारेको देखिन्छ । एकातिर, श्रीमान विदेश गएपछि महिलाले घर-परिवार र आर्थिक निर्णयमा अग्रसर भूमिका निर्वाह गर्न थालेका छन् । यसले आत्मविश्वास र निर्णय क्षमता बढाएको छ भने अर्कोतर्फ सामाजिक असुरक्षा, एक्लोपन र पारिवारिक दबाबले महिलालाई मानसिक रूपमा कमजोर बनाएको पनि देखिन्छ । त्यसैगरी वैदेशिक रोजगारसँग जोडिएको मानवीय मूल्य पनि कम गम्भीर छैनन् । कतिपय नेपालीश्रमिक शोषण, कम ज्याला, असुरक्षित कार्यस्थल र कानुनी संरक्षणको अभावमा पीडित छन् । दुर्घटना, रोग र मृत्युका घटनाले परिवारलाई अपूरणीय क्षति पुर्‍याएको छ । बिमा क्षतिपूर्ति र न्याय पाउन कठिनाइ हुनु वैदेशीक रोजगारको अर्को गम्भीर समस्या हो ।

यसरी हेर्दा वैदेशिक रोजगार र रेमिट्यान्स नेपालका लागि वरदान र अभिशाप दुवै हुन् । यसले तत्कालीन आर्थिक राहत दिएको भएता पनि दीर्घकालीन सामाजिक र संरचनागत समस्या पनि जन्माएको छ । अबको आवश्यकता वैदेशिक रोजगारलाई बाध्यता होइन, विकल्पका रूपमा सीमित गर्नु हो । देशभित्र रोजगारी सिर्जना, कृषि र उद्योगको आधुनिकीकरण, सीप विकास र रेमिट्यान्सको उत्पादनमूलक उपयोगमार्फत् मात्रै यो निर्भरता घटाउन सकिन्छ । यसका लागि नेपाल सरकारले दीर्घकालीन स्पष्ट नीति निर्माण र कार्यान्वयनमा जोड दिनुपर्दछ । वैदेशिक रोजगारबाट प्राप्त पुँजी, सिप र अनुभवलाई राष्ट्रिय विकाससँग जोड्न सकिएमा मात्र यसको सकारात्मक प्रभाव दिगो हुनेछ । अन्यथा, श्रमिकको पसिना र परिवारको बलिदानबाट आएको रेमिट्यान्सले अल्पकालीन सन्तुष्टि दिएता पनि भविष्यको समृद्धिको जग बसाल्न भने सक्दैन । त्यसैलेवैदेशिक रोजगार र रेमिट्यान्सलाई नयाँ दृष्टिकोणबाट पुनर्विचार गर्नु वर्तमान नेपालका लागि अपरिहार्य आवश्यकता बनेको छ ।

### विकासप्रेमी...

सरकारले असोज २३ गते भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय गरेपछि जिल्लाभर सुरू भइसकेको नापजाँच र वितरण प्रक्रिया ठप्प भएको थियो । तर सर्वोच्च अदालतले उक्त निर्णय उल्ट्याइदिएसँगै आयोगको काम पुनः कानुनी वैधतासहित अघि बढ्ने बाटो खुलेको छ ।

आयोग रूपन्देहीका अध्यक्ष कुमार थापा मगरका अनुसार फागुन १० गते बुटवल-११ बाट सुरु गरिएको स्थलगत नापजाँच अभियानले जिल्लाभर करिब ४०-४५ हजार घरपरिवारको तथ्याङ्क सङ्कलन र प्राविधिक नापजाँच सम्पन्न गरेको थियो । कञ्चन गाउँपालिकामा असार २२ गते ४५१ परिवारलाई पुर्जा वितरण गरिसकिएको थियो भने सियारीमा १० परिवारले लालपुर्जा हात पारेका थिए । देबदहमा ७६४ परिवार र सैनामैनामा १६४ परिवार राजस्व तिरेर वितरणको अन्तिम चरणमा पुगेका थिए ।

बुटवल-११ का ६४६ परिवार, तिलोत्तमा-११ का ९१२ परिवार, तिलोत्तमा-१० का ४० परिवार र सैनामैना-७ का ३६० परिवार राजस्व सूचना प्रकाशनको प्रक्रियामा थिए । बुटवलमा मात्र करिब १३ हजार, कञ्चनमा १४-१५ हजार र देबदहमा १३-१४ हजार परिवार लाभान्वित हुने गरी काम तीव्र गतिमा अघि बढिरहेको आयोगको दाबी छ ।

तर सार्वजनिक प्रकृतिको जग्गा, नदी क्षेत्र र ऐलानी जमिनको व्यवस्थापनमा केही स्थानीय राजनीतिक प्रतिनिधिहरूबाट उजुरी परेपछि प्रक्रिया जटिल बन्दै गएको थियो । जिल्ला प्रशासन कार्यालय हुँदै अख्तियारसम्म पुगेको पत्राचारले केही समय आयोगको प्राविधिक काम प्रभावित गर्‍यो ।

त्यसैबीच सरकारले आयोग नै खारेज गर्ने निर्णय गरेपछि रूपन्देहीमा कार्यालयको चाबी, कागजात र सवारीसाधन प्रमुख नापी अधिकृतलाई हस्तान्तरण गरिएको थियो । हजारौं परिवारले राजस्व तिरेर पनि पुर्जा पाउन नसकेको अवस्था सिर्जना भयो ।

सरकारले निर्णय उल्ट्याए पनि लगत्तै सर्वोच्च अदालतको आदेशसँगै स्थिति फेरिएको छ । आयोग पुनर्स्थापित भएपछि रोकिएका फाइलहरू अघि बढ्ने, राजस्व बुझाइसकेका परिवारले पुर्जा पाउने र नापजाँच सम्पन्न भएका क्षेत्रहरूमा वितरण प्रक्रिया पुनः सुरु हुने अपेक्षा गरिएको छ । कानुनी स्पष्टता कायम भएसँगै प्रशासनिक ढिलाइ कम हुने विश्वास गरिएको छ ।

जेनजी आन्दोलनअघि तत्कालीन उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलको पहलमा भूमि आयोग गठन गरी यसको समाधानका लागि पहल थालिएको थियो ।

उनकै अग्रसरतामा रूपन्देहीमा भूमिहीन, अव्यवस्थित बसोवासी तथा सुकुम्बासी समस्या समाधानको काम तीव्र गतिमा अघि बढेको थियो । तर आन्दोलनबाट सरकार अपदस्थ भएसँगै प्रक्रिया अवरूद्ध बनेको हो ।

रूपन्देहीमा लालपुर्जा केवल कागजी स्वामित्वको प्रमाण होइन, दशकौंदेखि अस्थायी बसोबासको असुरक्षामा बाँचेका परिवारका लागि सामाजिक न्याय र आत्मसम्मानको आधार हो । आयोग खारेजीले रोकिएको आशा अब अदालतको निर्णयपछि पुनः बलियो बनेको छ । राजनीतिक मतभेद र प्रशासनिक समन्वयको अभावलाई पार गर्दै काम निरन्तर अघि बढ्न सके रूपन्देहीमा हजारौं हातमा लालपुर्जा पुग्ने दिन धेरै टाढा नहुने देखिन्छ ।

### कांग्रेस...

नेपाली कांग्रेसले विशेष महाधिवेशनमार्फत् 'बदलियो कांग्रेस, बदल्छौं देश' भन्ने संकल्प अघि सारेको सन्दर्भमा एकीकरणको निर्णय गरिएको सहमति पत्रमा उल्लेख छ ।

नेपाली कांग्रेस (बीपी) ले नेपाली कांग्रेसको आदर्श, मूल्य, मान्यता र सिद्धान्तप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ ।

समाहित प्रक्रियासम्बन्धी अन्य आवश्यक व्यवस्थाहरू नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम संगठनात्मक संरचनामा उपयुक्त समायोजन गरी कार्यान्वयन गरिने जनाइएको छ ।


# Shitaganga Municipality
## Office of Municipal Executive
Thada, Arghakhanchi

## Invitation for Bid

Date of publication: 2082-11-18 (2ndMarch,2026)

Shitaganga Municipality, Office of the Municipal Executive, Thada,Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.For detail information contact in office.

**Information to deposit the cost in the Bank:,**
Name of the Bank: RastiyaBanijyaBank, Thada, Arghakhanchi
Name of Office: Shitaganga Municipality, Thada, Arghakhanchi
Rajaswa (Internal revenue) Account no. : 3380100301010003(For Bid Document)
DharautiKhata no.:3380100303010003 (For Bid Security)

| Tender No. | Name of Project | Bid Price(Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid submission | Bid Open | Require-ment Annual construction turnover |
|---|---|---|---|---|---|---|---|
| 46-SM/W 42/NCB/ 2082/083 | DamaruDaha Bahu-Udeshiya SinchaiYojana | NRs 5000.00 | NRs. 995000.00 | 120 Days | 01th Apr 2026. 12:00 Noon | 01th Apr 2026. 13:00 Noon | Rs. 52.82 million |

Chief Administrative Officer

# 'औद्योगिक विकासमार्फत् समृद्धि मेरो सपना हो'



**चुन्नप्रसाद पौडेल**
उम्मेदवार, नेपाली कांग्रेस
रूपन्देही-२

*रूपन्देही-२ मा नेपाली कांग्रेसबाट चुन्नप्रसाद शर्मा (पौडेल) नेपाली उम्मेदवार छन् । उनी सफल उद्योगी हुन्, उनका विभिन्न आधा दर्जन व्यवसायिक प्रतिष्ठान छन् । करेन्ट चाउचाउ अहिले नेपाली बजारमा राम्रो पकड जमाएको छ, विभिन्न मुलुक निर्यात पनि हुँदै आएको छ । उनी आबद्ध उद्योगमा ५ हजार बढीले रोजगार पाएका छन् । 'सद्भाव, सुशासन, समुन्नति : हाम्रो संकल्प' भन्ने मूल नारासहित उनले बटवल औद्योगिक क्षेत्रलाई विस्तार तथा मोतीपुर औद्योगिक क्षेत्र निर्माण गरेर यस क्षेत्रमा औद्योगिक क्रान्ति गर्ने योजना बनाएको बताएका छन् । बुटवललाई आइटी हवको रूपमा विकास गर्ने आर्थिक केन्द्र बुनाउने, लुम्बिनी प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्ने र सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा)लाई मेडिकल कलेजको रूपमा विकास गर्ने योजना छ । तिलोत्तमा र सैनामैनालाई व्यवस्थित आधुनिक शहरको रूपमा विकास गर्ने तथा अन्य ग्रामीण क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गर्ने, उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने उनको योजना छ । प्रस्तुत छ उनीसँग गरिएको कुराकानीको सम्पादित अंश :*

**» *तपाईंले रूपन्देही-२ मा उम्मेदवार हुनुहुन्छ, तपाईंका प्राथमिकता के-के हुन् ?***

रूपन्देही-२ भौगोलिक, व्यापारिक र जनशक्तिको दृष्टिले ऐतिहासिक व्यापारिक केन्द्रसहित अन्य ग्रामीण क्षेत्रहरू समेत समेटिएर बनेको अत्यन्तै सम्भावनायुक्त क्षेत्र हो । विशेषगरी बुटवल ऐतिहासिक रूपमा व्यापारिक शहरका रूपमा चिनिन्छ । अब यसलाई परम्परागत व्यापारबाट आधुनिक औद्योगिक र प्रविधि-आधारित अर्थतन्त्रमा रूपान्तरण गर्नुपर्छ । मुलुकको अर्थतन्त्रको आधार औद्योगिक विकास हो । औद्योगिक विकास बिना आर्थिक समृद्धि सम्भव छैन । औद्योगिक क्रान्ति गर्न सकियो भने आयात रोक्न सकिन्छ, निर्यात गर्न पनि सकिन्छ । देशभित्रै रोजगारी सिर्जना हुन्छ । युवाजनशक्ति विदेश पलायन हुनु पर्दैन । औद्योगिक क्रान्ति मेरो सपना हो । त्यसकारण शिक्षण सेवा छाडेर व्यवसायमा प्रवेश गरेको हुँ । आफ्नो बलबुताले सकेसम्म देशमै केही गर्नुपर्छ भनेर नै उद्योगमा हात हाले । मेरो आफ्नो र परिवारको मात्रै गुजारा चलाउनको लागि यो सबै गर्नुपर्दैनथ्यो । देशमा केही गरौं, देशका लागि सकेको योगदान गरौं भनेर नै उद्योगमा हात हालेको हो । निजी क्षेत्रबाट आफूले सकेको गरेकै छु, तर अब यतीले मात्रै पुग्दैन । उद्योग व्यवसाय गर्नका लागि नीतिगत रूपमा झण्झट छ । त्यसलाई सुधार नगरेसम्म औद्योगिक विकासको वातावरण बन्नसक्दैन । यस कारण उद्योग गर्दा नीतिगत रूपमा काननी रूपमा कस्ता समस्या छन् भन्ने कुरा मैले राम्रोसँग बुझेको छ । समस्या बुझेको व्यक्ति नीति निर्माणको तहमा गयो भने सुधार गर्न पनि सकिन्छ भनेर नै मैले प्रतिनिधिसभामा जाने निर्णय लिएको छु । अब म यहाँको कुरा गर्छु । सबैभन्दा पहिले, बुटवल औद्योगिक क्षेत्रको विस्तार अपरिहार्य छ । यस क्षेत्रलाई नयाँ प्रविधि, हरित उद्योग र उत्पादनमूलक उद्यमसँग जोड्न आवश्यक छ । त्यसैगरी, वर्षौंदेखि चर्चामा रहेको मोतीपुर औद्योगिक क्षेत्रलाई शीघ्र सञ्चालनमा ल्याउन म विशेष पहल गर्नेछु । म बुटवललाई 'आइटी हब' का रूपमा विकास गर्न चाहन्छु । डिजिटल स्टार्टअप इन्क्युबेसन सेन्टर, टेक्नोलोजी पार्क, फ्री वाइफाइ जोन, सीसी क्यामेरा जडानसहितको सुरक्षित सहर अभियान, र डिजिटल सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । युवा जनशक्तिलाई सूचना-प्रविधिमा दक्ष बनाउँदै रोजगारी सिर्जना गर्नु आजको आवश्यकता हो । आइटी, बैंकिङ, बिमा, उद्योग र व्यापारलाई एउटै आर्थिक इकोसिस्टममा जोडेर बुटवललाई पश्चिम नेपालको आर्थिक केन्द्रका रूपमा स्थापित गर्ने मेरो लक्ष्य हो ।

**» *स्वास्थ्य र शिक्षा क्षेत्रमा तपाईंको योजनाहरू के-के छन् ?***

रूपन्देही-२ मा रहेका अस्पतालहरूको स्तरोन्नति पहिलो प्राथमिकता हो । विशेषगरी लुम्बिनी प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गरिनेछ । यसले विशेषज्ञ चिकित्सक उत्पादन, अनुसन्धान र उच्चस्तरीय उपचार सेवा उपलब्ध गराउनेछ । यसबाट लुम्बिनी प्रदेशकै स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार आउनेछ । त्यसैगरी, आम्दा अस्पताललाई मेडिकल कलेजका रूपमा स्तरोन्नति गर्ने योजना छ । यसले स्थानीय विद्यार्थीलाई चिकित्सा शिक्षा प्राप्त गर्ने अवसर दिनेछ र विशेषज्ञ सेवा उपलब्ध हुनेछ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै पाँच लाख रूपैयाँसम्मको उपचार सुविधा सुनिश्चित गर्नुपर्छ । ७० वर्ष माथिका ज्येष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण गर्नुपर्छ ।

त्यसैगरी,सामुदायिक विद्यालयलाई निजी विद्यालयसरह प्रतिस्पर्धी बनाउनुपर्छ । कक्षा १२ सम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने वातावरण बनाइनेछ । उच्च शिक्षामा, लुम्बिनी वाणिज्य क्याम्पसलाई मानित विश्वविद्यालयका रूपमा विकास गर्ने योजना छ । साथै बुटवल बहुमुखी क्याम्पस, सिद्धार्थ गौतमबुद्ध क्याम्पस र राममणि बहुमुखी क्याम्पसलगायत सामुदायिक क्याम्पसहरूको स्तरोन्नति गरिनेछ । प्राविधिक शिक्षामा जोड दिँदै इञ्जिनियरिङ तथा अटो इञ्जिनियरिङ कलेज सञ्चालन गरिनेछ, जसले दक्ष जनशक्ति उत्पादनमा मद्दत पुऱ्याउनेछ ।

**» *तिलोत्तमा र सैनामैनालाई व्यवस्थित आधुनिक शहर बनाउने योजना अगाडि सार्नुभएको छ, त्यो योजना प्रष्ट पार्नुस न ?***

तिलोत्तमा र सैनामैनालाई हरित, सुरक्षित र प्रविधिमैत्री सहरका रूपमा विकास गरिनेछ । खानेपानी, ढल व्यवस्थापन, फोहोर प्रशोधन, सुरक्षित पार्किङ, ट्राफिक व्यवस्थापन र नदी किनार करिडोर निर्माणमा विशेष ध्यान दिइनेछ । तिनाउ र दानव नदीलाई स्वच्छ र आकर्षक बनाउँदै करिडोर निर्माण गरिनेछ । पुरानो बटौली क्षेत्रलाई हेरिटेज जोन घोषणा गरी पर्यटन प्रवर्द्धन गरिनेछ । यसले सांस्कृतिक संरक्षण र आर्थिक गतिविधि दुबै बढाउनेछ ।

**» *ग्रामीण क्षेत्रको विकास र अर्थतन्त्रलाई कसरी चलायमान बनाउन सकिएला ?***

ग्रामीण क्षेत्रलाई कृषि हबका रूपमा व्यवस्थित गरिनेछ । कृषिजन्य बस्तुलाई सिधै उद्योगमा जोड्नेगरी काम गर्ने रणनीति मैले बनाएको छु । हामीले अहिले सञ्चालन गरेका उद्योगमा पनि किसानले उत्पादन गरेको अकवरे खुर्सानीको प्रयोग हुँदै आएको छ । विभिन्न २५ बढी देशमा निर्यात भईरहेको करेन्ट चाउचाउमा प्रयोग हुँदै आएको अकवरे खुर्सानी उत्पादनका लागि समुह बनाएर किसानलाई लगानी गरिएको छ । त्यस्तै प्रकारले कृषिमा किसानलाई प्रोत्साहन गर्ने र उत्पादित बस्तुको बजार सुनिश्चित गर्नेगरी व्यवस्थित कृषि तथा पशुपालन प्रणाली अवलम्बन गरिनेछ । सिँचाइ विस्तार, भूमिगत जल रिचार्ज, पकेट क्षेत्र निर्धारण, मल-बिउको सहज उपलब्धता र कृषि बिमा कार्यक्रम प्रभावकारी बनाइनेछ । कृषि उत्पादन बिक्री केन्द्र स्थापना गरिनेछ । कृषि तथा पशुपन्छी व्यवसायी केन्द्र स्थापना गरी किसानलाई प्रविधि र बजारसँग जोडिनेछ ।

'एक घर-एक रोजगार' अवधारणाअनुसार कृषि र साना उद्योगमार्फत् स्थानीय रोजगारी सिर्जना गरिनेछ । सडक विस्तार, वैकल्पिक मार्ग विकास, अन्तर्राष्ट्रिय बसपार्क निर्माण, पार्किङ व्यवस्थापन र चुरे संरक्षणमा जोड दिइनेछ । सार्वजनिक खरीद ऐन सुधार गरी निर्माण व्यवसायलाई प्रोत्साहन गरिनेछ । पारदर्शी कर प्रणाली, उद्योगमैत्री कानुनी व्यवस्था र एकद्वार प्रणाली लागू गरिनेछ । मजदुरलाई न्यूनतम ज्याला र सामाजिक सुरक्षा कोषमा आबद्ध गराइनेछ । सामाजिक रूपमा पछाडि परेका महिला, दलित, जनजाति, थारू, मधेशी, मुस्लिम, फरक क्षमता भएका र तेस्रो लिङ्गी समुदायको अधिकार सुनिश्चित गरिनेछ । प्रतिनिधिसभा सदस्य भएर प्राप्त हुने सेवा-सुविधा रकम स्वास्थ्य सुरक्षा कोषमा खर्च गर्ने मेरो प्रतिबद्धता छ ।

## देशभरका छ हजार ७४३ वडामा दिइयो मतदाता शिक्षा

काठमाडौँ । आमनागरिकलाई मताधिकारको महत्त्व र मतदान प्रक्रियाबारे जानकारी दिने उद्देश्यले देशभरका छ हजार ७४३ वटै वडामा मतदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

निर्वाचन आयोगले स्वीकृत कार्यक्रमअनुसार यही फागुन ३ गतेदेखि सुरु भएको मतदाता शिक्षा देशभरका ७५३ स्थानीय तहका सबै वडामा सम्पन्न भएको जनाएको हो । हरेक वडामा मतदाता शिक्षा स्वयंसेवक परिचालन गरी कार्यक्रम सम्पन्न भएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् ।

त्यसक्रममा मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्त्व र मतदान प्रक्रियाबारे जानकारी दिइएको उनले बताइन् ।

मतदाता शिक्षा कार्यक्रम प्रयोजनका लागि आयोगले स्थानीय तहमा यसअघि तोकेका सम्पर्क व्यक्तिलाई नै निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ता तोकी अभिमुखीकरणसमेत गरेको थियो ।

सहायक प्रवक्ता श्रीसले मतदाता शिक्षा सम्पन्न गरी स्वयंसेवकले आयोगमा प्रतिवेदन बुझाउने क्रम जारिरहेको बताइन् ।

**मध्यबिन्दु नगरपालिका, चोरमारा नवलपरासी(ब.सु.पू.)**

**भूल सुधार**

मिति २०८२/११/१७ मा प्रकाशित Construction of Compound wall and sabha hall at ward number 3, सूचनामा ठेक्का नं 30/SQ/MB/WORKS/2082/83 हुनुपर्नेमा अन्यथा भएकोमा सुधार गरिएको जानकारी गराईन्छ ।

## Butwal Sub-Metropolitan City
### Office of the Municipal Executive
Butwal, Rupandehi
LumbiniProvince, Nepal

## Invitation for Bids

Date of Publication: 2082/11/18 B.S.

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings construction works.

| S. N | Contract No. | Description of works | Estimate Amount ( excluding VAT and Contingencies including PS)(NRS) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 13/082-83 /BSMC/ IDD /Works/ NCB | Sahid Smriti Adharbhut Bidhyalayako Adhuro Bhawan Nirman, Butwal-11 | NRs. 24,68,478.82 | 65,000.00 | 3,000.00 | 2082/12/18 B.S Time upto 12.00hrs | 2082/12/18 B.S. Time at 13.00 hrs |
| 2 | 14/082-83 /BSMC/ IDD /Works/ NCB | Tirahi Chok dekhi Narainapur Mandir agadi hudai Baithauliya Kaparkatti Taal Jane Sadak Nirman, Butwal -16 | NRs. 60,68,006.42 | 1,55,000.00 | 3,000.00 | 2082/12/18 B.S Time upto 12.00hrs | 2082/12/18 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
| Office Code No. | 801054801 | RastriyaBanijya Bank, Butwal |
| Account Head | 14229 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.
4.0 Pre-bid Meeting shall be held at Urban Infrastructure Development Division , Date : 2082/12/08, Time 13:00 hrs
5.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.
6.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.
7.0 If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Procurement Unit
Butwal Sub-Metropolitan City
Butwal, Rupandehi

## श्री मौलाकालिका अपाङ्ग सेवा संस्था
कावासोती -०८ नवलपरासी (बर्दघाट सुस्ता पूर्व )

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मितिः २०८२।११।१८)

यस कार्यालयबाट मिति २०८२।१०।०७ गते लुम्बिनी राष्ट्रिय दैनिक मा प्रकाशित सूचना बमोजिम तोकिएको मिति भित्र रितपुर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्येमा तपसिलको बोलपत्र मुल्यांकन समितिको सिफारिस अनुसार सारभूत रुपमा प्रभाबग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि. नं. | ठेक्का नं. कामको बिबरण | न्यूनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक | (मु.अ.कर र PS समेत)रु. |
|---|---|---|---|---|
| १ | MDCO/Works/ NCB-01/082-83 | Construction Of Maulakalika Disable Care Organization Building | Habitat /Ramaniya/ Dixa J.V. Kathmandu | 4,06,75,132.73 |

कार्यालय प्रमुख

**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Education and Social Development Directorate**
**Social Development Division Office**
**Taulihawa, Kapilvastu**

## Invitation for E-Bids

Date of Publication:2082/11/18

Social Development Division office, Kapilvastu invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under:

| S. No | IFB/RFP/EOI/PQ No. | Estimated cost with VAT &PS (Nrs.) | Bid Security (Nrs.) | Bid Document Fee(Nrs.) |
|---|---|---|---|---|
| 1 | SQ.RASTRIYAMABI -28/2082-83 | 19,35,056.54 | 50,000/- | 1000/- |

Last date of bid submission:2026-03- 17/11:00
Bid Opening date & time:2026-03-17/12:00
Further details can be assessed from Social Development Division Office, Taulihawa,Kapilvastu or https://www.bolpatra.gov.np/egp/

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# दाङमा एकैसाथ तीन दलको शक्ति प्रदर्शन

दाङ । चुनावीसभा र औपचारिक रूपमा प्रचारप्रसार गर्न पाउने समयसीमा एक दिन मात्रै बाँकी छँदा दाङका प्रमुख शहर तुलसीपुर र घोराही आइतबार विभिन्न नाराहरूले गुन्जिए ।

तुलसीपुरको बसपार्कमा नेपाली कांग्रेसले वृहत् चुनावीसभा आयोजना गरिरहँदा सँगसँगै नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि आफ्नो शक्ति प्रदर्शन गऱ्यो ।

बिहान सुरुमा कांग्रेस नेता कार्यकर्ताले उत्साहका साथ ऱ्यालीसहित घरदैलो गर्दै बजार परिक्रमा गरेका थिए । लगत्तै एमाले र रास्वपाले पनि त्यसैगरी शक्ति प्रदर्शन गर्दै आफ्नो पक्षमा मत मागे ।

दाङ क्षेत्र नं. ३ अन्तर्गत पर्ने तुलसीपुर पश्चिममा कांग्रेसबाट दीपक गिरी, एमालेबाट घनश्याम पाण्डे, रास्वपाबाट कमल सुवेदी, नेपाली कम्युनिष्ट पार्टीबाट धनबहादुर मास्की र राप्रपाबाट दामोदर भण्डारी उम्मेदवार छन् । नेकपाले तुलसीपुर बजारमा यसअघि नै घरदैलो सकिसकेको थियो । ठिक यसैगरी २४ किलोमिटर पूर्व घोराहीमा पनि उस्तै माहोल थियो ।

दाङ क्षेत्र नं. २ अन्तर्गत पर्ने यो निर्वाचन क्षेत्रमा एमाले महासचिव शंकर पोखरेल आइतबार 'रोड - सो' मा सामेल भए । यो निर्वाचन क्षेत्रमा कांग्रेसका किरणकिशोर घिमिर, रास्वपाका सहमहामन्त्री विपिन आचार्य र नेकपाका निर्मल आचार्यका बिचमा मुख्य प्रतिपर्धा हुने ठानिएको छ ।

एमाले महासचिव शंकर पोखरेलले साझा जनप्रतिनिधिका रूपमा दाङको विकास र समृद्धिको नेतृत्व गर्ने चाहना व्यक्त गरे । दाङको समृद्धिका लागि संकल्प पत्र तयार परेर आफू निर्वाचनमा होमिएको भन्दै उनले पाँच वर्षभित्र गर्ने कामको फेहरिस्त तयार पारेर अगाडि बढेको हुँदा सूर्य चिन्हमा मतदान गरी विजयी बनाउन आग्रह गरेका थिए । दाङ अहिले ऐतिहासिक 'टर्निङ पोइन्ट' मा उभिएको भन्दै एमाले उम्मेदवार पोखरेलले अबको निर्वाचन विकास र समृद्धिको स्पष्ट दिशातर्फ अघि बढ्ने वा पुनः पछाडि फर्कने बीचको महत्वपूर्ण छनोट भएको बताए ।

पोखरेलले आफूले अघिल्लो कार्यकालमा अघि सारेका अधिकांश प्रतिबद्धता पूरा गरेको दाबी गर्दै बाँकी अधुरा योजनाहरू सम्पन्न गर्न पुनः



अवसर दिन मतदातासमक्ष आग्रह गरे । उनले दाङलाई लुम्बिनी प्रदेशको राजधानी बनाउने संकल्प सफलतापूर्वक पूरा गरिएको, राजधानीको गुरुयोजना निर्माण, प्रदेशसभा भवन तथा स्थायी पूर्वाधार निर्माण प्रक्रिया अघि बढाइएको, दीर्घकालीन पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै घोराही-तुलसीपुर चारलेन सडक समयमै सम्पन्न गर्ने प्रतिबद्धता दोहोऱ्याएका थिए ।

त्यस्तै उनले घोराही-लमही सडकखण्डअन्तर्गत अर्जुनखोला-मसौट र चौपट्टा खण्डका चारलेन सडकको डीपीआर तयार भई वातावरणीय प्रभाव मूल्यांकन प्रक्रिया अघि बढाइएको जस्ता कुराहरू गरेका थिए ।

## रूपन्देही-२ मा राप्रपाले कसैलाई पनि समर्थन गरेको छैन : जिल्ला अध्यक्ष राणा

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (रूपन्देही) का जिल्ला अध्यक्ष सागर प्रताप राणाले रूपन्देही क्षेत्र नम्बर २ मा कुनै पनि राजनीतिक दलका उम्मेदवारलाई पार्टीले समर्थन गर्ने निर्णय नगरेको स्पष्ट पारेका छन् । राप्रपा रूपन्देही २ का क्षेत्रीय अध्यक्ष रामबहादुर थापाले क्षेत्रले नेपाली काँग्रेसका उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको विज्ञप्ति सार्वजनिक गरेपछि जिल्ला अध्यक्ष राणाले पत्रकार सम्मेलन गरी त्यसको खण्डन गरेका हुन् । पार्टीसँग छलफल र सहमति बिना निकालिएको विज्ञप्तिको कुनै अर्थ नरहेको राणाले बताए ।

केन्द्रदेखि जिल्लासम्म कुनै पनि दलसँग मिलेर जाने भन्ने कुरा नरहेकोले राप्रपाले कसैलाई पनि समर्थन नगरेको उनले बताए । 'कुनै व्यक्तिले पैसा लिएर चलखेल गरेको हुन सक्छ, तर पार्टीले आधिकारिक रुपमा कसैलाई पनि समर्थन गरेको छैन ।' - राणाले भने । क्षेत्रीय अध्यक्षको विज्ञप्तिप्रति जिल्ला अध्यक्ष राणाले खेद प्रकट गर्दै चुनावको मुखमा मतदाता प्रभावित पार्ने गरी आएको विज्ञप्तिबाट विचलित नहुन पार्टीका कार्यकर्तालाई आग्रह गरिएकोछ ।

सूचनाको नमूना

### काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक प्रकाशन मिति २०८२/११/१८ गते

श्री तिलौराकोट साझेदारी वन उपभोक्ता समूह, बुद्धभूमि न.पा-१०, चेतरादेई, कपिलवस्तुको आ.व. २०८१/८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार पुनरुत्पादन कटान तथा ढलापडा रुखहरुबाट उत्पादन भई बुद्धभूमि न.पा-१०, चेतरा देई र बुद्धभूमि न.पा-२, गोरुसिङ्गे, कपिलवस्तुको घाट्गद्दीमा लट बनाई राखिएको साल, असना, जामुन, कर्मा लगायत अन्य जातको गोलिया काठ थान १७५१ को ६३६९.८५ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र खरिद गरी १६ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।








## मतदातालाई विष्णुप्रसाद पौडेलको चिठ्ठी

सर्वप्रथम यहाँप्रति हार्दिक अभिवादनसहित आत्मीय सम्मान अर्पण गर्दछु । यहाँ र यहाँको सम्पूर्ण परिवारको सुस्वास्थ्य, दीर्घायु र सुखद जीवनका लागि शुभकामना व्यक्त गर्दछु ।

आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्य पदका लागि निर्वाचन सम्पन्न हुँदैछ । मेरो बुझाईमा यो निर्वाचन संविधान, लोकतन्त्र, नेपाल राष्ट्र र नेपाली जनताको सुखद भविष्य निर्धारण गर्ने ऐतिहासिक अवसर हो । रूपन्देही र रूपन्देहीको निर्वाचन क्षेत्र नं. २ को विकास र समृद्धिको यात्रालाई तिब्र वेगका साथ अघि बढाउने ऐतिहासिक माध्यम हो ।

यहाँले विगतमा मप्रति दर्शाउनु भएको स्नेह र विश्वासप्रति म सदैव ऋणी छु । यहाँको अमूल्य मतबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएपश्चात अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा भूकम्प, नाकाबन्दी, कोविड- १९ जस्ता संकटहरूले शिथिल भएको अर्थतन्त्र चलायमान बनाउन र समग्र अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन मैले निर्वाह गरेको भूमिकाप्रति यहाँ जानकार नै हुनुहुन्छ ।

रुपन्देहीलाई मैले एउटा भूगोल मात्र होइन, समृद्धिको सपना साकार पार्ने कर्मभूमी मानेको छु । हिजो हामीले देखेका सपनाहरू आज एक्सप्रेस हाइवे, फराकिला सडक, पुल र सुरुङमार्ग जस्ता आधुनिक पूर्वाधार बनेर उभिएकाछन् । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, बुटवल-बेलहिया ६ लेन सडक, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र तथा प्रर्दशनीस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू रूपन्देहीको पहिचान बनेका छन् ।

वृहत लुम्बिनी गुरूयोजना, लुम्बिनी बौद्ध विश्वविद्यालय, बुटवल मेडिकल कलेज, लुम्बिनी प्रादेशिक अस्पताल, सेमलार कृषि थोक बजार, सिद्धबाबा सुरुङमार्ग, सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्ड, पूर्व पश्चिम राजमार्गको बुटवल-नारायणघाट र बुटवल-गोरूसिङ्गे-चन्द्रौटा खण्ड, तिनाउ नदीमा सिग्नेचर पुल, कालिगण्डकी-तिनाउ डाइभर्सन जस्ता मेघा परियोजनाका साथै निर्माणाधिन र प्रस्तावित सयौं ठूला-साना आयोजनाहरूको कार्यान्वयन पछि समग्र रूपन्देही, विशेषगरी निर्वाचन क्षेत्र नं. २ विकास र समृद्धिको नयाँ उचाईमा पुग्ने निश्चित छ ।

यहाँलाई थाहा छ, हामीले आरम्भ गरेका आयोजनाहरू सम्पन्न गर्न, विकासमा फड्को मार्ने नयाँ योजनाहरूको थालनी गर्न, पूर्वाधार विकासको गतिसंगै रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्न, रूपन्देहीलाई शिक्षा, स्वास्थ्य, उत्पादन र आयआर्जनको केन्द्र बनाउन, विकास र समृद्धिलाई सामाजिक न्यायसंग जोड्न तथा आत्मसम्मान सहितको सभ्य र विकसित समाज निर्माण गर्न अझ धेरै काम गर्न बाँकी छ ।

हामीले सुरू गरेको विकास र समृद्धिको महाअभियानलाई अझ उचाईबाट अघि बढाउन, रूपन्देहीलाई पूर्वाधार र मानवीय विकासको रोलमोडल र देशकै प्रमुख आर्थिक केन्द्र बनाउन मलाई फेरि पनि यहाँको साथ र आशिर्वाद आवश्यक छ । त्यसैले, यहाँ समक्ष सुर्य चिन्हमा मतदान गर्नु हुन र मलाई प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित गर्नुहुन हार्दिक अनुरोध गर्दछु ।

मैले जनताबाट प्राप्त हुने जिम्मेवारीलाई सधैभरी जनताको सेवा गर्ने पवित्र माध्यम ठानेको छु । म सधै सुशासन, विकास, समृद्धि र सामाजिक न्यायको पक्षमा उभिने प्रतिज्ञा गर्दछु । विश्वास छ, मलाई निर्वाचित गरेकोमा यहाँले कहिल्यै कुनै पश्चाताप गर्नुपर्ने छैन । यहाँ समक्ष म सदैव गर्वबोध हुनेगरी कर्तव्य पथमा अघि बढिरहने प्रतिज्ञा गर्दछु ।

